हुप्सेकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
झ्यालबास, नवलपरासी (व.सु .पूर्व )
गण्डकी प्रदेश, नेपाल
स्थापना २०७३

चलानी नम्बर - १८६६
पत्र संख्या —०७६/०७७

मिति : २०७७/०२/१८

विषय : ज्ञापन पत्र पठाईएको सम्बन्धमा ।

श्री गृह मन्त्रालय,
सिंहदरवार, काठमाडौं ।

प्रस्तुत विषयमा मिति २०७७/०२/१० गते पश्चिम रुकुम, चौरजहारी नगरपालिकामा नवराज विश्वकर्मा सहित ५ जनाको हत्या र १ जना बेपत्ता पारिएको विषयमा उक्त घटनाका दोषीलाई कारवाहीको माग गर्दै नेपाल एकीकृत उत्पीडित दलित संजाल, हुप्सेकोट नवलपुरले यस कार्यालयमा बुझाएको ज्ञापन पत्र यसैसाथ संलग्न राखी आवश्यक कारवाहीको लागि तहाँ पठाईएको व्यहोरा अनुरोध छ ।

२०७७/०२/१८
कृष्ण सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

फोन नं : ०७८-५९०७००
Website: www.hupsekotmun.gov.np E-mail: hupsekotrmun@gmail.com

# नेपाल एकीकृत उत्पीडित दलित सञ्जाल

## हुप्सेकोट, नवलपुर

## स्था : २०७५

प.स.:२०७६/०७७
च.नं.: ०८

मिति : २०७७/०२/१८

### ज्ञापन पत्र

यही मिति २०७७ जेठ १० गते पश्चिम रुकुमका चौरजहारी नगरपालिका ८, सोती निवासी सुष्मा मल्ल ठकुरी र निज ठकुरीको आग्रहमा जाजरकोट जिल्ला भेरी नगरपालिका ४, रानागाँउ निवासी नवराज विश्वकर्मा बिचको अन्तरजातिय विवाह गर्न खोज्दा उत्पन्न भएको नरसंहार घटनाको सम्बन्धमा नेपाल एकीकृत उत्पीडित दलित सञ्जाल हुप्सेकोटको गम्भीर ध्यानकर्षण भएको छ । लामो समयको प्रेम सम्बन्धलाई विवाहमा परिणत गर्न जाँदा केटी पक्षको परिवार र वडाध्यक्ष डम्बर बहादुर मल्ल र केटी पक्षका आमा प्रकाशी मल्ल र उसका मतियारहरुले निर्ममतापूर्वक बर्बर सांघातिक आक्रमण गरी २१ बर्षीय युवासहित ५ जनाको हत्या र १ जना बेपत्ता पारिएको घटनाले दलित, नेपाली आम जगतमा रहेका समुदायको भावनामा आघात पुगेको छ ।

२१ औं शताब्दीमा मानव मानवबिचको जातीय विभेदको चरम् पराकाष्ठाको रुपमा रहेको सो खुलेआम हत्याको घोर भर्त्सना गर्दछौं र दोषीउपर नेपालको संविधानको धारा २४ बमोजिम छुवाछूत तथा भेदभाव विरुद्धको हक, धारा १८ बमोजिम समानताको हक, धारा १६ बमोजिम सम्मानपूर्वक बाँच्न पाउने हक जातीय भेदभाव छुवाछूत कसुर ऐन २०६८ तथा नेपालका तर्फबाट भएको सबै किसिमका जातीय विभेदसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी १९६५ विपरीत अन्तर्राष्ट्रिय कानूनले समेत सबै प्रकारका बिभेद दण्डनीय बनाएको परिप्रेक्ष्यमा जातीयताका कारण सामुदायिक हत्या गर्नुका साथै सोसँग सम्बन्धित सबैखाले मतियारहरुलाई हदैसम्मको कारबाही माग गर्दछौं । सो घटनामा मृत्युवरण गर्नुभएका सबै मृतकहरुप्रति हार्दिक श्रद्धाञ्जली एवम् परिवारप्रति गहिरो समवेदना व्यक्त गर्दै देशमा गणतन्त्र आइसक्दा पनि जातीय विभेद गर्ने यस्तो पशुवत् व्यवहार अन्त्य नहुनु दुःखद भएकाले यस्ता कार्यलाई समाजमा निस्तेज पार्न नेपाल सरकार र सरोकारवालाहरु कडा भन्दा कडा रुपमा प्रस्तुत हुन जोडदार माग गर्दै यो ज्ञापनपत्र हुप्सेकोट गाउँपालिका मार्फत नेपाल सरकार गृह मन्त्रालयमा पेस गर्दछौं ।

अध्यक्ष
लाल बहादुर मल्ल
ने. ए. उ. द. सं. हुप्सेकोट, नवलपुर